**बेलायतका जंगली जनावरहरु**

**किन हामी केही जनावरहरुको समर्थन गर्छौं ?**

दुईवटा विदेशी जनावरहरु बेलायतको वातावरणसँग घुलमिल भइसकेका छन् र सायद भविष्यमा एक उप प्रजाति बन्न पनि सक्नेछन् । यी जनावरहरुले देशी वन्यजीवनलाई केही क्षति नगर्ने हुनाले FES ले यसको हेरचाह गर्छ । तर यो विवादास्पद विषय भएकोले थुप्रै जनावरसँग सम्बद्ध संगठनहरु जंगली प्रजातिको सुरक्षा गर्ने कुरामा त्रसित छन् ।

यी जनावरहरु United Kingdom Biodiversity Action Plan (UKBAP) मा नरहेका हुनाले FES उनीहरुसँग सम्बन्धित विषयहरुलाई प्रतिनिधित्व गर्न तम्तयार छ । फाउण्डेशन फर इन्डेन्जर्ड स्पेसिजको भनाइमा दुई बेलायती जंगली प्रजाति - बिच्छी र रातो घाँटी भएको वालाबी – लाई उनीहरुको हेरविचार गर्ने व्यक्तिको आवश्यकता छ । FES ले प्राकृतिक र भौतिक वातावरण र जैविक विविधताको रक्षा गर्नुका साथै प्रवर्द्धन गर्छ ।

यद्यपि, अन्य संरक्षणविदहरुझैं FES पनि जंगली प्रजातिहरु आक्रामक बनी क्षति गर्नसक्ने र अराजकता पैदा गर्नसक्ने कुराबारे चनाखो छन् । विगतमा धेरै बेलायती सरकारहरुले त्यस्ता केही जनावरहरुको निगरानी र सर्वेक्षण गर्न पर्याप्त समय, प्रयास र पैसा खर्च गरेका थिएनन् । यसको परिणामस्वरुप केही जंगली प्रजातिहरु आक्रामक बनी देशी वन्यजीवनलाई नोक्सान पुर्याए । आधिकारिक व्यक्तिहरुले वैज्ञानिक प्रमाणको साटो हल्लै हल्लाको खेतीलाई अपनाएका छन् ।

**बिच्छी**

करिब १२० वर्ष अघिदेखि बिच्छीहरु बेलायतमा पाइन थालेका हुन् । यो जीव त्यति आकर्षक र सुन्दर नहुनाले यसको उचित हेरचाह हुन सकेको छैन । तापनि FES ले यसलाई सौम्य प्राणी मानेको छ । साथै यो एक महत्वपूर्ण र चाखलाग्दो जनावर पनि हो जसले कुनै नकारात्मक असर विना बेलायतको जैविक विविधता बढाएको छ । FES को बिच्छी योजना एक दीर्घकालिन कार्यक्रम हो जसले हालका बिच्छीको वासस्थानको रक्षा गर्नुका साथै यस जीवका लागि जनसमर्थन बढाउनमा ध्यान दिन्छ ।

**रातो घाँटी भएको वालाबी**

रातो घाँटी भएको वालाबी बेलायतमा विगत कैयौं दशकदेखि रहेका छन् । तर पनि यहाँ यसको उचित रेखदेख गर्ने र यसको सुरक्षाको लागि लड्ने तत्परता कुनै प्रमुख संगठनहरुले देखाएका छैनन् । त्यसैले FES ले यो जिम्मेवारी लिएको छ ।

एण्डि मिडलटनले वालाबीको रक्षा गर्ने घोषणा रिचार्ड ह्यामन्ड टेलिभिजन कार्यक्रममा गरेका थिए

। यस कार्यक्रममा उनले बेलायतमा रहेका जंगली वालाबीको गणना पहिलोपल्ट सार्वजनिक गरेका थिए । यो पहल साह्रै सफल रह्यो र केही महत्वपूर्ण परिणाम निस्कियो । तथापि, यी संवेदनशील जानकारीहरु सार्वजनिक गर्नु यी प्रजातिको हितमा नहुन सक्छ ।

## सुगा

यी जनावरहरुझैं सुगाका दुई प्रजातिहरु पनि जंगलमा बस्छन् । Ring- necked parakeets र monk parakeets दुबै जातिका सुगाको लागि अनुमति दिने कि नदिने भन्नेबारे ठूलो विवाद रहेको छ । यो नियन्त्रणको उपाय हो अथवा एक छलपूर्ण उन्मूलन नीति भन्ने चिन्ताको विषय रहेको छ । किनभने केही आधिकारिक व्यक्तिहरुको लागि उन्मूलन गर्न सम्भव हुनसक्छ । तथापि, प्रत्येक अध्ययनका प्रमाणहरु बहसका मुद्दा भएकाले यो एउटा गलत कार्ययोजना हुनेछ । यस विषयमा थप जानकारीको लागि Conserving Wildlife को संस्करण ८ र ९ (ISSN १७५७-७४११) हेर्नुहोला । यसको प्रतिको लागि हामीलाई सम्पर्क गर्नुहोला ।